# श्रद्धेय नगर प्रमुख श्री बाजी सिंह खड्काद्धारा

# नगर सभामा प्रस्तुत गरिने

# आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

दिपायल सिलगढी नगरपालिका

सिलगढी, डोटी

मिति : २०८२।०३।०९

- यस गरिमामय नगर सभामा उपस्थित श्रद्धेय नगर उप प्रमुख ज्यू तथा नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु
- प्रमुख प्रशासकिय अधिकृतज्य ूलगायत सम्पूर्ण कर्मचारीज यूहरु एवं पत्रकार ज्यूहरु ।

यस गरिमामय नगर सभामा आगामी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । यस अवसरमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस नगरसभामा नगरपालिकाको आगामीअ ा.व. २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई खुसी लागेको छ । चालु आ.व. को नीति तथा कार्यक्रम कार्यान्वयनमा आवश्यक सहयोग गर्दै सुसंस्कृत, सन्दर र समृद्ध यस नगरपालिकाको विकासमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग र समर्थन गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन २०७८, संघीय सरकारको बजेट तथा कार्यक्रम साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्ग दर्शनलाई पूर्णतः अवलम्वन गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ । यस नीति तथा कार्यक्रम निर्माणका लागि विषयगत समितिहरु, वडा समितिहरु, विभिन्न लक्षित समूहहरु, राजनैतिक दलहरु, विषयगत शाखाहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सम्बन्धित क्षेत्रका बिज्ञहरु लगायत बाट प्राप्त सुझावकालागि हार्दिक आभार व्यक्त गर्दछु ।

स्थानीय सरकारको भूमिका निर्वाह गरिरहेको नगरपालिकाले सिमित स्रोत साधन बाट काम गर्नु पर्ने चुनौति हुंदाहुंदै पनि चालु आ.व. मा नगरबासीहरुको हीत र सुविधाकालागि सुशासन, सामाजिक एबं आर्थिक विकास सहित भौतिक पूर्वाधार निर्माण तथा स्रोत परिचालन गरी यस क्षेत्रको विकासका सम्बन्धमा केही अनुभुति योग्य कार्य गर्नका लागि सरोकारवाला सहित संग समन्वय, सहकार्य गर्दै नगर विकासलाई जनमुखी बनाउने प्रयास गरिनेछ ।

अब म आगामी आ.व. २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्दछु ।

१. कृषिलाई नगरको पहिलो प्राथमिकतामा राखी कृषकहरुलाई उन्नत जातका बीउ वितरण तथा आवश्यक कृषि रणनीति अवलम्बन गरिनेछ । कपास खेतीलाई अभियानका विकास गरिनेछ ।सोका लागिबीउ, र बजारीकरणको व्यवस्था गरिनेछ । कपास खेतीको विमा गर्ने व्यवस्था तथा कपास खेतीमा उत्कृष्ट कृषकलाई आवश्यक सहयोग तथा पुरष्कृत गरिनेछ । कृषकले गरेको उत्पादनको बजारीकरणको ग्यारेन्टी गरिनेछ । फलफूल, तरकारी तथा मसाला खेती प्रवर्द्धन गरिनेछ ।

२. यस नगरपालिकाको निर्माणाधीन (शितगृह) कोल्ड स्टोरको निर्माण कार्य लाई निरन्तरता दिई कृषि उपजको भण्डारणको समुचित व्यवस्थापन गरिनेछ ।

३. स्थानीय स्तरमा रोजगारि अभिवृद्धि गर्न सरकारी तथा गैर सरकारी निकायहरु संगको साझेदारीमा विभिन्न किसिमका सीपमूलक तथा आयमूलक तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

४. स्थानीय उत्पादनहरु बाटेको धुप, होजियारी, फेब्रिक झोला, चप्पल, सेनेटरी प्याड, दुना टपरी, कृषि जन्य उपज आदिलाई आवश्यक प्रोत्साहन गरिनेछ ।

५. पशु स्वास्थ्यका लागि आवश्यक औषधी व्यवस्थापन गरिने छ । नश्ल सुधारका लागि कृत्रिम गर्भाधानलाई विस्तार गरिने छ तथा यसकालागि पशु सेवाप्राविधिकको क्षमताविकास गरिने छ ।

६. नगरका सम्भाव्य धार्मिक पर्यटकीय क्षेत्रको विकास गर्न पर्यटन प्रवर्द्धनका लागि आवश्यक पहल गरिनेछ ।

७. सहकारी क्षेत्रलाई सुदृढ बनाउन आवश्यक कार्य गरिनेछ ।

८.आर्थिक, सामाजिक, लैंगिक रुपमा पिछडिएका महिला, बालबालिका, दलित, अपांग, ज्येष्ठ नागरिक हरु लक्षित विभिन्न कार्यक्रमहरु आयोजना गरी समतामूलक समाज निर्माणमा जोड दिइनेछ ।

९. युरोपियन युनियनको आर्थिक सहयोग तथा संयुक्त राष्ट्र संघीय एजेन्सी संस्थाहरु (UNFPA, UNICEF, UN WOMEN, ILO) को प्राविधिक सहयोगमा सञ्चालित **सशक्त महिला, समृद्ध नेपाल** परियोजना मार्फत लैंगिक हिंसा न्युनिकरण, आर्थिक क्रियाकलापमा महिलाहरुको सहभागिता सहित महिलाहरुको सशक्तिकरण गर्ने प्रयासलाई निरन्तरता दिइनेछ ।

१०. लैंगिक हिंसा निवारण कोष अभिवृद्धि गर्दै लगिने छ । लैंगिक हिंसा तथा अन्य कारणले लैंगिक हिंसा प्रभावित महिलाहरु लाई लक्षित गरी व्यवस्थित सुरक्षित अल्पकालिन महिला सेवा केन्द्रको सुदृढीकरणका लागि जिल्ला समन्वय समिति मार्फत सबै जिल्ला स्थित स्थानियतह संगको समन्वय बढाइ सुरक्षित अल्पकालिन महिला सेवा केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।

११. लैंगिक हिंसा तथा अन्य कारणले प्रभावित व्यक्तिहरु लाई मनोसा माजिक परामर्श सेवा प्रदान गरिने छ

१२. सुरक्षित आप्रवासन कार्यक्रम मार्फत वैदेशिक रोजगारीलाई मर्यादित, सक्षम र व्यवस्थित बनाइनेछ । वैदेशिक रोजगारीमा संलग्न जनशक्तिलाई उक्त कार्यक्रम मार्फत आवश्यक सहयोग गरिनेछ ।

१३. दलित लगायत विभिन्न जातजातिका परम्परागत पेशागत कार्य लाई निरन्तरता दिन समय सापेक्ष सीप विकासका कार्यक्रमहरु संञ्चालन गरी प्रविधि मैत्री बनाइने छ । वादी समुदायलाई आय मूलक कार्यमा जोड्ने कार्यक्रम ल्याइने छ ।

१४. विभिन्न लक्षित वर्ग हरुको क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरु संञ्चालन गरिने छन् ।

१५. समाजमा नकारात्मक छाप रहेको छाउपडीप्रथा न्युनिकरणका अभियानहरु सञ्चालन गरिनेछ ।

१६. जातीय विभेद अन्त्यकालागि विभिन्न कार्यक्रमहरु ल्याइने छन् ।

१७. नगरभित्र रहेका मुक्त हलिया हरुको लगत संकलन कार्य लाई निष्कर्षमा पुर्याई क्रमशः पुर्नस्थापनाका कार्यक्रमहरु ल्याइने छ ।

१८.बिभिन्न वडा हरुलाई क्रमश:बालश्रम मुक्त तथा बालविवाह मुक्त वडा घोषणा गर्ने कार्यलाई निरन्तरता दिई बालश्रम र बालविवाह मुक्त नगर घोषणा गरिनेछ।

१९. बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन गर्न युनिसेफ लगायत अन्य गैर सरकारी संस्थाहरु संग समन्वय बढाई आगामी आर्थिक वर्षमा कम्तीमा एक वडालाई बाल मैत्री वडा घोषणा गर्न आवश्यक कार्यक्रम ल्याइनेछ।

२०. बाल बालिका तथा गर्भवती महिलाहरुको पोषणमा सुधार गर्न आवश्यक कार्यक्रम विकास गरिनेछ।

२१. नेपाल सरकारको नीति अनुरुप*संवत २०८४ साल सम्म सबै बालबालिकाले आधारभुतशिक्षा* प्राप्त गर्न यस नगरपालिकामा पनि सबै बालबालिकालाई आधारभुत तहको शिक्षा प्राप्त गर्न सचेतना मुलक कार्यक्रम सहित भर्ना अभियानलाई सुदृढ गरिनेछ । माध्यमिकतहका विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा पद्धतिलाई प्राथमिकता दिईनेछ।

२२. शिक्षकको शिक्षण सुधारका लागि पेसागत तालिम सञ्चालन गरिने छ । उत्कृष्ट शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिहरुलाई आर्थिक वर्षको अन्तमा पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। एम फिल अध्ययनका लागि शिक्षकहरुलाई छात्रवृतिको व्यवस्था गरिनेछ।

२३. उत्कृष्ट विद्यालयलाई सम्मान सहित पुरस्कृत गरिनेछ।

२४. विद्यार्थीको अनुपातमा शिक्षक संख्या कमी रहेका विद्यालयहरुमा दिइदैं आइएको शिक्षक अनुदानलाई निरन्तरता दिइनेछ।

२५. विद्यालयमा विद्यार्थीको प्रतिभा पहिचानका कृयाकलापहरु सञ्चालन गरिने छ।

२६. गरिब, दलित तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनकालागि छात्रवृतिको व्यवस्था गरिने छ। नगरपालिका भित्रका एम.वि.वि.एस. तथा इन्जिनियरिङ्ग तर्फ स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ।

२७. नगरमा स्थापना हुन लागेको इन्जिनियरिङ्ग क्याम्पस भौतिक पूर्वाधार निर्माणका लागि बिभिन्न निकाय संगको समन्वय र सहकार्य बढाई चाडै अध्ययन अध्यापनको वातावरण तयार गर्न पहल गरिनेछ।

२८. नगर क्षेत्रका बिद्यालयहरुमा बालिकाहरुको स्वास्थ्य, सरसफाई र स्वच्छता कायम गर्न *ग्रीन स्कुलक्लिन स्कुल* कोअवधारणा लागु गर्न टिपी ट्याप, इन्सिनेटर, स्वच्छ पिउने पानी, साबुनपानी, सहित महिनावारी स्वच्छताको लागि सेनिटरी प्याड उपलब्धतालाई निरन्तरता दिइनेछ।

२९. भुमीहीन, दलित, भुमीहीन हलिया परिवारलाई व्यवस्थापन गर्न आबश्यक समन्वयात्मक कार्य गरिनेछ।

३०. विभिन्न दिवसको अवसरमा नगर, वडा तथा पालिकास्तरीय खेलकुद कार्यक्रम आयोजनाको व्यवस्था गरिनेछ। खेलमैदानहरुको आवश्यक पूर्वाधार निर्माण एबं संरक्षणतथा संवर्द्धन गरिनेछ। मेयर कप भलिबल प्रतियोगितालाई निरन्तरता प्रदान गरिनेछ।

३१. खेलाडीको मनोबल उच्च राख्न विभिन्न विधाका उत्कृष्ट खेलाडीहरुलाई पुरस्कृत गरिनेछ।

३२. विद्यालयमा खेल सामग्री वितरणको व्यवस्था मिलाइनेछ ।

३३. युवाहरुका लागि विभिन्न सीपमूल तालिम दिइ व्यवसाय सुरु गर्न आवश्यक सामग्री, उपकरण अनुदान दिइनेछ ।

३४. साझेदारीमा सेती नदीमा र्‍याफ्टिङ्ग सञ्चालन गर्न आवश्यक पूर्वाधार तयारको कार्य गरिनेछ ।

३५. स्वास्थ्य सम्बन्धि अधिकारलाई सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवाहरु सबै नागरिक समक्ष पुर्याउन आवश्यककार्यक्रमहरु संञ्चालन गरिने छ ।

३६. स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गरी विशेषज्ञ स्तरीय स्वास्थ्य शिविरलाई निरन्तरता दिइनेछ ।

३७. नगर स्वास्थ्य केन्द्र तथा हेल्थ पोष्टमा स्थापित ल्याव प्रयोगशालाहरुलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।

३८. *निरोगी नेपाल अभियानलाई सार्थक बनाउन निरोगीनगर अभियान* सञ्चालन सहित आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि औषधिको अभाव हुन दिइने छैन ।

३९. स्वास्थ्य संस्थाहरुमा आवश्यक भवन, उपकरण, औजारको लागि आवश्यक व्यवस्था गरिनेछ ।

४०. कर्मचारीहरुको पेसा गत विकासमा बृद्धि गर्न नगरमा पारित क्षमता बिकास योजनामा समावेश क्षमता बिकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

४१. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरिनेछ ।

४२. विभिन्न सरुवा रोग नियन्त्रण, रोकथाम र उपचारका लागि आवश्यक व्यवस्था गरिनेछ ।

४३. नगर भित्रका विद्यालयमा चौमासिक रुपले स्थानीय स्वास्थ्य संस्थाबाट विद्यार्थीहरुको स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइने छ ।

४४. ऐतिहासिक पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिइनेछ ।

४५. मौलिक संस्कृतिको जगेर्ना गर्दै सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने वातावरण सिर्जना गर्ने नीति लिइनेछ ।

४६. नगर क्षेत्रमा रहेका परम्परागत मौलिक सांस्कृतिक सम्पदान तथा संस्कृतिलाई संवर्द्धन एवं संरक्षण गर्दै लगिने छ ।

४७. नगर क्षेत्र भित्र हुने धार्मिक पर्व र जात्राहरुको उचित संरक्षण गरिने छ ।

४८ संघ तथा प्रदेश सरकारको समन्वयमा नगरको धार्मिक तथा सांस्कृतिक विकास गर्न आवश्यक कार्य गरिनेछ ।

४९. निर्मित सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्दै सडक किनारामा वृक्षारोपण गर्ने कार्यक्रमलाई निरन्तरता दिइ *हरित सडक* अवधारणा लागु गरिनेछ । नगर यातायात गुरु योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५०. *सबै नगरबासीलाई स्वच्छ र गुणस्तरीय खानेपानीउपलब्ध* गराउन संघ, प्रदेश र स्थानीय तीनै तहको सहयोगमा खानेपानी क्षेत्रगत सुशासन परियोजना मार्फत खानेपानी र सरसफाइका क्षेत्रमा व्यवस्थित र दिगो रुपमा कामहरु अगाडि बढाइनेछ । फोहोरमैला व्यवस्थापनकालागि आवश्यक कार्य गरिनेछ । नगरपालिका क्षेत्रमा आवश्यक सिचाई एवं अन्य आवश्यक पूर्वाधार विकासका कार्यक्रमहरु ल्याइने छ ।

५१. नगर भित्र अनिवार्य रुपमा नक्सापास गराएर मात्र घर निर्माण कार्य अघि बढ्ने पद्धतिको विकास गरिने छ ।

५२. यस नगरपालिकाको वडा नं. २ को रानी पौवा नजिकैको स्थानमा व्यवस्थित बसपार्क निर्माण गर्न जग्गा प्राप्तिको प्रक्रिया सम्पन्न भएको र अब तटबन्धन सहित डिपिआर अनुसारको संरचना निर्माणको प्रकृया अगाडि बढाउन नगर विकास कोषसंग आवश्यक ऋण लिई आवश्यक पूर्वाधारका काम अगाडि बढाइनेछ ।

५३. विकासमा जनताको अपनत्व बढाउन उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुमा अनिवार्य रुपमा जनताहरुको श्रम तथा लागत सहभागिता गराउन पहल गरिने छ ।

५४. नगरलाई आकर्षक बनाउन एवं वातावरण स्वच्छताको लागि वृक्षारोपण कार्यक्रमहरु संञ्चालन गरिने छ ।

५५. राष्ट्रिय बिपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण संगको साझेदारीमा  भूकम्पबाट निजी आवास क्षेती भई नयां घर निर्माण र मर्मतकालागि लाभग्राही कायम भएका लाभग्राहीको आवास निर्माण र मर्मत गर्ने कार्यलाई प्राथमिकता दिई अन्य प्रकारका विपद् प्रभावित व्यक्तिहरुलाई पनि राहत सहयोगमा निरन्तरता दिइनेछ ।

५६. नगर भित्रको फोहोरमैला विसर्जन केन्द्र (land fill Site) निर्माणकालागि जग्गा प्राप्ति गरी निर्माणकालागि आवश्यक कार्य गरिनेछ ।

५७. कर्मचारीहरुको मनोबल उच्च राख्न तथा निजहरुको कार्यको प्रोत्साहन गर्न आवश्यक तालिम तथा क्षमता अभिवृद्धिका कार्यहरु गरिनेछ ।

५८. क्षमता विकास योजना अनुसार जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका विभिन्नकार्यक्रमहरु ल्याइनेछ ।

५९. न्यायिक समिति बाट छिटो, छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिइनेछ । वडास्तरमा गठित मेल मिलापकर्ताको क्षमता बिकास सहित न्यायिक समितिका पदाधिकारी तथा सो कार्यमा संलग्न कर्मचारीको क्षमता विकासकालागि आवश्यक व्यवस्था मिलाइने छ ।

६०. पारदर्शी, जवाफदेही, स्वच्छ र सदाचारयुक्त जन सहभागितामूलक सेवाप्रवाह गर्दै प्रभावकारी अनुगमनकार्यलाई निरन्तरता दिईनेछ ।

६१. निजी क्षेत्रलाई प्रोत्साहन गर्दै लगिनेछ ।

६२. भ्रष्टाचारमा शून्य सहन शिलताको नीति अवलम्बन गरिनेछ ।

६३. आफ्नै वडा भवनन भएका वडाहरुको भवन निर्माण कार्य लाई क्रमशः अघि बढाइनेछ ।

६४. टोल विकास संस्था गठन गर्ने कार्यलाई निरन्तरता दिई गठित टोल विकास संस्थाहरुको क्षमता विकास गर्दै गठित टोल बिकास संस्था मार्फत उपभोक्ता समिति गठन तथा परिचालन, सरसफाई अभियान र चेतना मूलक अभियान सञ्चालन गरिनेछ ।

६५. स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्थाको पूर्ण रुपमा पालना गदै वित्तीय सुशासन सुधारका लागी व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनको दायरा बढाउन राजश्व सम्बन्धी अध्ययन गरिने छ । करका दायरा फराकिलो गरी न्युनतम करको दर बाट बढी राजश्व संकलन गर्ने नीति अवलम्बन गरिनेछ ।

६६. वडा स्तरवाट राजश्व संकलन कार्यलाइ प्रभावकारी वनाइनुका साथै सो सम्वन्धमा कर्मचारी र जन प्रतिधिहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

६७. नगरको आन्तरिक आय सुदृढीकरणकालागि आवश्यक कार्य गरिनेछ ।

६८. नगरपालिकाको सेवाप्रवाहलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

६९. सिलगढी  क्षेत्र भित्र नगरको एउटा व्यवस्थित खेलमैदान निर्माण कार्य अगाडि बढाइनेछ ।

७०.आवश्यक प्रक्रिया पुर्‍याई कांडी गाउंमा सडक निर्माण कार्य अगाडि बढाइनेछ ।

७१.सामाजिक बिकासका क्रियाकलाप हरुको निरन्तरता, स्रोत परिचालन र सुदृढीकरका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु संगको समन्वय तथा सहकार्यमा जोड दिइनेछ ।

७२.नगरपालिकाको आन्तरिक सुशासनलाई सुदृढ गर्न सार्बजनिक सुनुवाई, सामाजिक परीक्षण, प्रतिबेदन युक्त अनुगमन प्रणालीको बिकास, क्षमता बिकास योजनाको कार्यान्वयन, आबधिक बिकास योजना कार्यान्वयन जस्ता क्रियाकलापहरुलाई प्राथमिकता दिइनेछ ।

७३. योग ध्यानबाट सकारात्मक सोचको बिकास गर्न नगरका माध्यामिक बिद्यालय लगायत समुदायमा योग ध्यानको कक्षाहरु तथा शिविरहरु आयोजना गरी मानसिक र शारीरिक स्वस्थ्यता प्रबर्द्धन गरिनेछ ।

७४. नगरबाट प्रवाह हुने सेवालाई सहज, सरल र सर्ब साधारणले बुझ्ने बनाउन, वडा र नगरस्तरमा गुनासो ब्यबस्थापन प्रणाली बिकास गर्ने, मौखिक, लिखित र सामाजिक सञ्जाल मार्फत आउने गुनासालाई कार्यान्वयनमा लैजाने प्रणालीको बिकास गरी जनमुखी स्थानीय सरकारको प्रत्याभुति गरिनेछ ।

७५. दुग्ध व्यवसायकालागि भैंसी पालन गर्ने किसानहरुका लागि भैंसी  अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

७६. नगर क्षेत्रमा सुनौला हजार दिनका आमा, बालबालिका तथा किशोरीहरुलाई लक्षित गरी पोषण सुनिश्तिता गराउने कार्यक्रमलाई प्राथमिकता दिई नेपाल सरकारबाट संचालित तेश्रो चरणको बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयन गरी संभाबित बस्ती एबं टोल र वडालाई पोषणमैत्री बनाउन स्थानीय तथा दातृनिकायको स्रोत साधन परिचालन गरी पोषणबिशेष तथा पोषण संबेदनशील कार्यक्रम कार्यान्वयन गरी पोषण मैत्री स्थानीय शासनको प्रवर्द्धन गरी आमा तथा बालकालिका एबं किशोरीको पोषण अबस्था सुदृढ गरिनेछ ।

अन्तमा यो नीति तथा कार्यक्रमतर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी विभिन्न बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने नगरकार्यपालिका सदस्यज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, विभिन्न क्षेत्रका विज्ञज्यूहरु लाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा प्रकियामा अहोरात्र खटिई सहयोग गर्नु हुने प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

यसै गरी नीति तथा कार्यक्रमतर्जुमा प्रकियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न भई हामीलाई रचनात्मक सुझाब र सल्लाह दिनु हुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यस गरीमामय नगरसभाको सफलताको शुभकामना सहित प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै विदा चाहन्छु ।

धन्यवाद ।

मिति : २०८२ साल असार ९ गते

बाजी सिंह खड्का

प्रमुख

दिपायल सिलगढी नगरपालिका

सिलगढी, डोटी